# नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली

पारित मिति २०६८।१०।०९  निं. नं. २३४६
संशोधन २०७२।०६।२१
संशोधन २०७२।०९।३
संशोधन २०७३।०३।२२
संशोधन २०७४।१०।१९
संशोधन २०७७।०५।२२

ग्रामीण दूरसञ्चार विकास कोषका सम्बन्धमा विनियमावली बनाउन वान्छनीय भएकोले, दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले देहायको विनियमहरु बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ । तर विनियम १० सम्बत २०६९ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा: -

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले विनियम ३ बमोजिम स्थापना गरीएको ग्रामीण दूरसञ्चार विकास कोष सम्झनु पर्छ ।

⇑ (ग) "ग्रामीण क्षेत्र" भन्नाले नेपाल राज्यका महानगरपालिका र उपमहानगरपालिका क्षेत्र वाहेकका दूरसञ्चार सेवा नापुगेका वा अपर्याप्त भएका स्थानीय तहका क्षेत्र सम्झनु पर्दछ । यस शब्दले ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड कनेक्टिभिटी पुऱ्याउन दूरसञ्चार पूर्वाधार विस्तार र ब्रोडब्याण्ड सेवा विस्तारका परियोजना प्रयोजनका लागि प्रयोग गरिएको/गरिने महानगरपालिका र उपमहानगरपालिकाको निश्चित क्षेत्रलाई समेत जनाउंदछ ।

•**स्पष्टिकरण:** Optical Fiber ओछ्याउने वा अन्य माध्यमवाट ब्रोडब्याण्ड कनेक्टिभिटी पुऱ्याउने प्रयोजनका लागि ग्रामीण क्षेत्र भन्नाले प्राधिकरणले दूरसञ्चार विकास कोषको उपयोग गरी दूरसञ्चार पूर्वाधारका रुपमा विकास विस्तार गर्ने राज्यका सम्पूर्ण क्षेत्रलाई संझनु पर्छ ।

(घ) "नियमावली" भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनु पर्छ ।

---

⇑ प्राधिकरणको मिति २०७४।१०।१९को नि.नं ३७४५ बाट संशोधन गरिएको ।

• प्राधिकरणको मिति २०७३।०३।२२ नि.नं ३३२९ बाट थप गरिएको ।

## परिच्छेद - २
## कोष संचालन तथा कोषको प्रयोग

३. **कोषको स्थापना र सञ्चालनः** (१) ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि ऐनको दफा ३० को उपदफा (४) बमोजिम प्राधिकरणमा एक ग्रामीण दूरसञ्चार विकास कोष रहनेछ ।

(२) उपविनियम (१) बमोजिमको कोषको यस विनियमावली बमोजिम सञ्चालन र परिचालन गरिनेछ ।

४. **कोषमा जम्मा हुने रकम**: (१) कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ,

(क) विनियम ५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिबाट प्राप्त हुने रकम,

(ख) ग्रामीण दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनको लागि नेपाल सरकारबाट प्राप्त हुने रकम,

(ग) ग्रामीण दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनको लागि विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा विदेशी संस्था वा व्यक्तिबाट नेपाल सरकारको स्वीकृतिबाट वा नेपाल सरकार मार्फत प्राप्त रकम,

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिमको रकम परिचालनबाट प्राप्त भएको वा त्यसबाट बढे बढाएको रकम,

(ङ.) प्राधिकरणबाट स्वीकृत अन्य श्रोतबाट प्राप्त हुने रकम ।

५. **कोषमा रकम जम्मा गर्नुपर्नेः** (१) अनुमतिपत्रप्राप्त व्यक्तिले प्रत्येक बर्ष आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको दुई प्रतिशतका दरले हुने रकम विनियम ४ बमोजिमको कोषमा जम्मा गर्नुपर्ने छ ।

(२) उपविनियम (१) बमोजिमको रकम अनुमतिपत्रप्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको मितिले °छ महिना भित्र जम्मा गर्नुपर्नेछ ।

*(क) उपविनियम (२) बमोजिम दस्तुर जम्मा नगरेमा वा लेखापरीक्षण वित्तिय विवरण अनुसार त्यस्तो रकम नपुग देखिएको रकममा प्रत्येक महिना २ प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

(३) उपविनियम (२) बमोजिम रकम जम्मा गर्दा अनुमतिपत्रप्राप्त व्यक्तिले प्राधिकरणबाट तोकेको बाणिज्य बैंकमा रकम दाखिला गरी बुझाउनु पर्नेछ ।

६. **कोषको प्रयोग** : (१) विनियम ४ बमोजिम कोषमा जम्मा भएको रकम नेपाल सरकारबाट स्वीकृत दूरसञ्चार सम्बन्धी नीतिको कार्यान्वयन गर्न र त्यस्तो नीतिको अधीनमा रही

° प्राधिकरणको मिति २०७७।०५।२२ को नि.नं ४४०५ बाट संशोधन गरिएको ।

* प्राधिकरणको मिति २०७७।०५।२२ को नि.नं ४४०५ बाट संशोधन गरिएको ।

ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र संचालन गरी त्यस्तो सेवामा सबैको पहुँच पुऱ्याउनका लागि  प्रयोग गरिनेछ ।

(२) उपविनियम (१) बमोजिम रकम प्रयोग गर्दा देहायको प्राथमिकता क्रमका आधारमा प्राधिकरणबाट निर्धारण भए बमोजिम अनुदान वा ऋण सहयोग उपलब्ध गराई गरिनेछ :-

(क) दूरसंचार सेवा नभएका ग्रामीण क्षेत्रमा टेलिफोन (तार सहित वा ताररहित) वा मोबाइल वा इन्टरनेट वा इन्टरनेट टेलिफोन सेवा पुऱ्याउन,

(ख) दूरसंचार सेवा अपर्याप्त भएका क्षेत्रमा टेलिफोन वा मोबाइल सेवाको विस्तार गर्न वा गराउन,

(ग) खण्ड (क) वा (ख) बमोजिमको सेवा पर्याप्त रुपमा उपलब्ध नभएका ग्रामीण क्षेत्रका बासिन्दालाई सूचना प्रविधिमा पहुंच दिलाउन ब्रोडव्याण्ड ईन्टरनेट जस्ता सूचना प्रविधि वा दूरसंचारका अन्य पूर्बाधार संरचना र सञ्जाल विकास तथा विस्तार गर्न,

(घ) खण्ड (क), (ख) वा (ग) मा उल्लेखित सेवा बाहेकका सूचना प्रविधिको विकासका लागि आवश्यक पर्ने दूरसञ्चारका अन्य सेवा वा प्रविधिहरु उपलब्ध गराउन ।

७. **निश्चित कार्यविधि प्रयोग गरी कोषको रकम प्रयोग हुने**: (१) विनियम ६ बमोजिम कोषको रकम प्रयोग गर्दा  प्राधिकरणबाट निर्धारण भएको मापदण्ड, प्रक्रिया र कार्यविधि पूरा गरी गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम मापदण्ड, प्रक्रिया र कार्यविधि निर्धारण गर्दा सामान्यतया प्रतिस्पर्धाको आधारमा प्रयोग गर्ने गरी निर्धारण गर्नु पर्नेछ ।

[3] तर नेपाल सरकारबाट दूरसञ्चार क्षेत्रको विकास र विस्तारको लागि निश्चित मापदण्डका आधारमा कुनै खास परियोजना कार्यान्वयन गर्नको लागि निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(३) यस विनियम बमोजिम कोषबाट रकम वितरण गर्दा प्राधिकरणबाट निर्धारण गरिएको प्रक्रिया अपनाई ऋण वा अनुदानको रुपमा प्रदान गरिनेछ ।

(४) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले उपविनियम (२) बमोजिमको  प्रतिस्पर्धाको कार्यविधि अपनाउन भौगोलिक स्थिति, आर्थिक अवस्था, प्रतिस्पर्धा हुन नसक्ने परिस्थिति, ग्रामीण क्षेत्रका बासिन्दाको सूचना प्रविधिको पहुँचता वा त्यस्तो क्षेत्रमा उपलब्ध सूचना प्रविधिको कारणले गर्दा उपयुक्त नदेखिएमा प्राधिकरणले निर्धारण गरेको अन्य प्रकृयाबाट कोषको रकम प्रयोग गर्न वा गराउन सक्नेछ ।

---

[3] प्राधिकरणको मिति २०७२।९।३ नि.नं ३१९२ बाट थप गरिएको ।

# परिच्छेद - ३
# कोषको संचालन

८. **कोष संचालन सम्बन्धी प्राधिकरणको काम, कर्तव्य र अधिकार** : (१) कोषको रकम संचालन तथा परिचालन गर्ने प्रयोजनका लागि ऐनमा लेखिएको अतिरिक्त प्राधिकरणको अन्य काम, कर्तव्य तथा अधिकार देहाय बमोजिमको हुनेछः :-

(क) कोषको अनुदान सहयोगबाट सञ्चालन हुने ग्रामीण दूरसञ्चार सम्बन्धी पूर्वाधार संरचना तयार गर्न दीर्घकालीन, अल्पकालीन वा तत्कालीन आयोजना सम्बन्धी वार्षिक कार्यक्रम र बजेट तय गरी कार्यान्वयन गर्ने,

(ख) ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको स्थापना विकास, विस्तार तथा संचालनमा स्थानीय समुदाय, स्थानीय निकाय तथा उद्यमीहरुलाई सहभागी गराउने,

(ग) ग्रामीण क्षेत्रमा उपलब्ध दूरसञ्चारका पूर्वाधारहरुको अधिकतम प्रयोग गर्न प्रोत्साहित गर्ने,

(घ) ग्रामीण क्षेत्रका दूरसञ्चार सेवा प्रदायक तथा उपभोक्ता र प्राधिकरणसंग नियमित रुपमा समन्वय गरी यसको गुणस्तर अभिबृद्धी गर्ने वा गराउने,

(ङ.) ग्रामीण दूरसञ्चारको विकास र विस्तारका लागि सरकारी र निजी साझेदारी कायम गर्न उपयुक्त नीतिको खाका तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(च) ग्रामीण क्षेत्रमा दूरसञ्चारको पूर्वाधार विकास तथा विस्तारका लागि आवश्यक र उपयुक्त प्रविधिका सम्बन्धमा अध्ययन वा अनुसन्धान गर्ने वा गराउने,

(छ) ग्रामीण दूरसञ्चारको विकास र विस्तारमा कोषको रकम परिचालन सम्बन्धमा नेपाल सरकारलाई जानकारी गराउने,

(ज) ग्रामीण दूरसञ्चार सेवाका सम्बन्धमा प्राधिकरणबाट स्वीकृत भएको कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(झ) ग्रामीण क्षेत्रमा सामुदायिक दूरसञ्चार सेवा सञ्चालन गर्न नीतिगत रुपमा संरचना तयार गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ञ) कोषमा जम्मा भएको रकम मध्ये तत्काल प्रयोग नहुने रकम लगानी गरी बढी प्रतिफल प्राप्त हुने व्यवस्था गर्ने,

(ट) कोषबाट संचालन गरिने स्वीकृत परियोजनाको लागि बोलपत्र तयार गर्ने,

(ठ) बोलपत्र अवधिभित्र प्राप्त निवेदनहरु बोलपत्रमा उल्लेखित शर्तहरुको आधारमा मूल्याकंन गर्ने,

(ड) छनौट भएका निवेदकलाई प्राधिकरणबाट निर्धारण भए बमोजिम अनुदान वा ऋण सहयोग उपलब्ध गराउने,

(ढ) ग्रामीण दूरसञ्चार सेवाको विकास, संचालन र विस्तारको लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने, वा गराउने,

(ण) ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, संचालन तथा विस्तारको लागि उपयुक्त प्रविधिको छनौट गर्ने ।

(२) प्राधिकरणले उपविनियम (१) बमोजिमको कार्य सम्पादन गर्न आवश्यकता अनुसार विशेषज्ञको सेवा लिन सक्नेछ ।

९. **सल्लाहकार परिषद** : (१) ग्रामीण दूरसञ्चारको विस्तार, विकास र सञ्चालन गर्न, ग्रामीण दूरसञ्चार क्षेत्रको विकास र विस्तारका लागि सरकारी तथा निजी साझेदारी कायम गर्न आवश्यक नीति तय गर्ने काम समेतका कामको लागि प्राधिकरणले सल्लाह र परामर्श लिन चाहेमा, सेवा प्रदायक, उपभोक्ता, ग्रामीण विकास कार्यकर्ता, ग्रामीण दूरसञ्चार क्षेत्रका प्राविधिक, सरकारी तथा अर्धसरकारी निकायका प्रतिनिधि तथा सो क्षेत्रका विशेषज्ञ सहितको सहभागिता हुने गरी बढीमा पच्चिस जनासम्मको ग्रामीण दूरसञ्चार विकास सल्लाहकार परिषद गठन गर्न सकिनेछ ।

(२) उपविनियम (१) बमोजिम गठीत सल्लाहकार परिषदले प्राधिकरणलाई ग्रामीण दूरसञ्चार कोषको संचालन र परिचालन गर्न आवश्यक सल्लाह र सुझाव प्रदान गर्नेछ ।

(३) प्राधिकरणले सल्लाहकार परिषद समक्ष आफूलाई आवश्यक परेको विषयमा सल्लाह र सुझाव माग गर्न सक्नेछ र त्यस्तो सल्लाह र सुझाव माग गरेमा आफनो सुझाव र सल्लाह दिनु परिषदको कर्तव्य हुनेछ ।

(४) सल्लाहकार परिषदको बैठक प्राधिकरणले उपयुक्त सम्झको बखत बस्नेछ ।

तर बर्षको कम्तिमा एक पटक बस्नु पर्नेछ ।

(५) सल्लाहकार परिषदका सदस्यको पदावधि गठन भएको मितिले दुई बर्ष हुनेछ ।

(६) बैठकको कार्यविधि सल्लाहकार परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) बैठकको अध्यक्षता सल्लाहकार परिषदको सदस्यहरु मध्येबाट छानिएको व्यक्तिले गर्नेछ ।

(८) सल्लाहकार परिषदको सदस्यले सो परिषदको बैठकमा भागलिए वापत पाउने बैठक भत्ता तथा सुविधा प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## जरिवाना सम्बन्धी व्यवस्था

⊕१०................

११.**कोषको रकमको अनुगमन तथा कार्यान्वयनः** (१) प्रत्येक अनुमतिपत्रप्राप्त व्यक्तिले पेश गरेको लेखापरीक्षण प्रतिवेदन प्राधिकरणबाट मूल्यांकन गरीनेछ ।

⊕ प्राधिकरणको मिति २०७७।०५।२२ को नि.नं ४४०५ बाट खारेज गरिएको ।

(२) अनुमतिपत्रप्राप्त व्यक्तिले विनियम ५ बमोजिम दाखिला गर्नुपर्ने रकम दाखिला गरे वा नगरेको सोको अनुगमन प्राधिकरणले गर्नेछ ।

(३) कोषमा जम्मा गर्नुपर्ने रकम निर्धारित अवधिभित्र दाखिला नभई म्याद नाघी दाखिला हुन आएकोमा यस विनियमावली बमोजिम लाग्ने ब्याज तथा थप जरीवाना रकम बुझाए वा नबुझाएको यकिन गरी नबुझाएको भए कारबाहीको लागि पेश गर्नु पर्नेछ ।

(४) असुल गर्न पर्ने गरी यकिन भएको रकमको लागि प्राधिकरणले सम्वन्धित अनुमतिपत्रप्राप्त व्यक्तिसंग पत्राचार गरी असुली गर्नु पर्नेछ ।

(५) उपविनियम (४) बमोजिम असुल हुन नसकेमा प्राधिकरणले असुल गर्नु पर्ने रकम यकिन गरी दूरसञ्चार ऐन, २०५३ को दफा ४७ बमोजिम उपयुक्त कारवाहीको लागि अध्यक्षले सिफारिशसाथ प्राधिकरणमा पेश गर्ने छ र सो विषयमा प्राधिकरबाट निर्णय भए बमोजिम कारवाही गरिनेछ ।

## परिच्छेद - ५
## सेवा प्रदायक छनौट सम्बन्धी व्यवस्था

**१२.सेवा प्रदायक मार्फत ग्रामीण दूरसञ्चार विकास गरिने:** (१) विनियम ५ बमोजिम कोषमा जम्मा रहेको रकम प्राधिकरणले निर्धारण गरेको ग्रामीण दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्रयोग गर्न वा गराउन प्राधिकरणले ऐनको दफा ३० को उपदफा (६) को प्रयोजनको लागि अनुमतिप्राप्त व्यक्तिहरु मध्येबाट सेवा प्रदायक छनौट गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सेवा प्रदायक छनौट गर्दा विनियम १३ बमोजिम छनौट गर्नु पर्नेछ ।

**१३.प्रतिस्पर्धाका आधारमा सेवा प्रदायक छनौट गर्ने:** (१) ग्रामीण दूरसञ्चार सेवा विस्तार, विकास र सञ्चालनका लागि प्राधिकरणले देहाय बमोजिमका अनुमतिपत्रप्राप्त व्यक्तिहरुबाट प्रस्ताव माग गर्नेछः-

(क) ग्रामीण क्षेत्रमा टेलिफोन (तारसहित वा ताररहित) सेवा विकास, विस्तार र सञ्चालन गर्न आधारभूत दूरसञ्चार सेवाको अनुमतिपत्रप्राप्त व्यक्ति,

(ख) मोबाईल दूरसञ्चार सेवाको अनुमतिपत्रप्राप्त व्यक्ति,

(ग) टेलीफोन र ग्रामीण क्षेत्रमा इन्टरनेट (ब्रोडव्याण्ड) सेवाको विकास, विस्तार तथा सञ्चालनका लागि इन्टरनेट सेवाको अनुमतिपत्रप्राप्त व्यक्ति र ग्रामीण दूरसंचार सेवाको अनुमतिप्राप्त व्यक्ति ।

(२) उपविनियम (१) बमोजिम प्रस्ताव माग गर्दा प्राधिकरणले सार्वजनिक सूचना प्रकाशन गरी •कम्तीमा ४५ दिन देखि नब्बे दिनसम्मको म्याद दिई छुट्टाछुट्टै सिलबन्दी सहितको प्राविधिक र आर्थिक प्रस्ताव माग गर्नेछ ।

(३) उपविनियम (२) बमोजिम प्रस्ताव माग गर्दा छनौट हुने सेवा प्रदायकलाई देहाय बमोजिमका खर्च दिइने वा नदिईने सो कुरा खुलाउनु पर्नेछ :

• प्राधिकरणको मिति २०७३।०३।२२ को नि.नं ३३२९ बाट संशोधन गरिएको ।

(क) उपकरणको अन्तर्राष्ट्रिय बजारको प्रतिस्पर्धाबाट तय हुने मूल्य बराबरको रकम,

(ख) उपकरणको जडान तथा ढुवानी खर्च,

(ग) सेवा सञ्चालन गर्दा आवश्यक पर्ने व्याण्डवीथको खर्च,

(घ) ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा विकास, विस्तार र सञ्चालन गर्न आवश्यक अन्य खर्च ।

(४) उपविनियम (३) बमोजिमका खर्च दिईने वा नदिईने विवरण खुलाउदा त्यस्ता शीर्षकका खर्चहरु पूर्ण रुपमा वा आंशिक रुपमा वा अनुदान स्वरुप वा ऋणको रुपमा वा प्राधिकरणबाट तोके बमोजिमको अन्य किसिमबाट दिने हो सोको विवरण उल्लेख गर्नु पर्नेछ ।

(५) उपविनियम (२) बमोजिमको अवधिभित्र प्राप्त प्राविधिक र आर्थिक प्रस्ताव प्राप्त भएपछि प्राधिकरणले गठन गरेको विशेषज्ञ टोलीले निश्चित प्राधिकरणबाट निर्धारित मापदण्डको आधारमा त्यस्ता प्रस्तावहरुको मूल्यांकन गर्नेछ ।

(६) उपविनियम (५) बमोजिम मूल्यांकन भएपछि दूरसञ्चार सेवा पुगि नसकेका ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा विकास, विस्तार र सञ्चालन गर्न देहाय बमोजिमको आधारमा सबभन्दा बढी आकर्षक प्रस्ताव पेश गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई सेवा प्रदायकको रुपमा छनौट गर्नेछः

(क) प्रति टेलिफोन लाईन न्यूनतम अनुदान प्रस्ताव गर्ने,

(ख) कोषले प्रदान गर्ने अनुदान वा ऋण रकमबाट अधिकतम क्षेत्रमा दूरसञ्चार सेवा पु-याउन प्रस्ताव गर्ने, र

(ग) प्रस्ताव गरिएका टेलिफोनमा प्रयोग हुने सवभन्दा अत्याधुनिक प्रविधि प्रयोग गर्न प्रस्ताव गर्ने ।

(७) उपविनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले अनुदान दिई दूरसञ्चार सेवा विकास र विस्तार गर्ने काम गराउन अनुमतिपत्रप्राप्त व्यक्तिहरुबीच अन्य कुनै आधारमा प्रतिस्पर्धा गराउन चाहेमा त्यस्ता आधारहरु सार्वजनिक गरी सार्वजनिक रुपमा प्रस्ताव माग गर्न सक्नेछ र सोही आधारमाा सेवा प्रदायक छनौट गर्नेछ ।

(८) उपविनियम (६) वा (७) बमोजिमका आधारमा छनौट भएको सेवा प्रदायक र त्यसको बैकल्पिक सेवा प्रदायकको नाम सार्वजनिक सूचनाद्वांरा प्रकाशन गर्नु पर्नेछ ।

१४.**सम्झौता गर्नु पर्नेः** (१) विनियम १३ बमोजिम छनौट भएको सेवा प्रदायकलाई प्राधिकरणले पन्ध्र दिनभित्र अनुदान वा ऋण रकम प्राप्त गर्नको लागि सम्झौता गर्न आउने सूचना दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको अवधिभित्र आएको सेवा प्रदायकसंग प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास, विस्तार र सञ्चालनको सम्बन्धमा प्राधिकरणबाट अनुदान वा ऋण उपलब्ध गराउने सम्बन्धमा सम्झौता गर्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त देहायका विषयहरु उल्लेख गर्नुपर्नेछः

(क) सेवा प्रदायकबाट ग्रामीण दूरसञ्चारको विकास, विस्तार र सञ्चालनका लागि पालना गर्नु पर्ने शर्त,

(ख) सेवा प्रदायकबाट प्रयोग गर्नुपर्ने प्रविधि,

(ग) प्राधिकरणबाट दिईने अनुदान वा ऋणको रकम,

(घ) ऋण स्वरुप रकम प्रदान गरिएको भए व्याजदर र सेवा शुल्क

(ड.) ऋण रकमको भुक्तानीका शर्तहरु,

(च) ग्रामीण दूरसञ्चार सेवा उपयोग, उपभोग र प्राप्त गर्ने ग्राहकबाट अशुल उपर गर्ने अधिकतम सेवा शुल्क,

(छ) सम्झौता कार्यान्वयन गर्दा उत्पन्न विवाद समाधानको प्रक्रिया र

(ज) संझौताका शर्त पालना नभएमा वा अनुदान वा ऋणको रकम दुरुपयोग भएमा सेवा प्रदायकबाट भुक्तानी गर्नु पर्ने क्षतिपुर्ति ।

(४) उपविनियम (१) बमोजिमको अवधिभित्र विनियम १३ को उपविनियम (७) बमोजिम छनौट भएको सेवा प्रदायक संझौता गर्न उपस्थित नभएमा सोही उपविनियम बमोजिमको बैकल्पिक सेवा प्रदायकलाई पन्ध्र दिनको सूचना दिई सम्झौता गर्न आमन्त्रण गर्नु पर्नेछ र विनियम १४ को उपविनियम (२) बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(५) उपविनियम (४) बमोजिम बैकल्पिक सेवा प्रदायक पनि त्यस्तो अवधिभित्र उपस्थित नभएमा सेवा प्रदायक छनौट गर्न नयाँ प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

१५.**बैंक जमानत दिनु पर्नेः** सेवा प्रदायकसंग विनियम १४ को उपविनियम (२) बमोजिम सम्झौता भएपछि त्यस्तो सेवा प्रदायकले प्राधिकरणबाट प्रदान गरिने कूल अनुदान वा ऋण रकमको पाँच प्रतिशत रकम बराबरको कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेन्टी) प्राधिकरणलाई मान्य हुने बैंकबाट दिनु पर्नेछ ।

१६.**अनुदान वा ऋणको भुक्तानी विधिः** विनियम १५ बमोजिम कार्यसम्पादन जमानत प्राप्त गरेपछि ग्रामीण दूरसञ्चार सेवा विकास, विस्तार र संचालनको लागि प्राधिकरणले देहाय बमोजिमको शर्तमा अनुदान वा ऋणको देहाय बमोजिमको रकम सेवा प्रदायकलाई उपलब्ध गराउनु पर्नेछः

(क) छनौट भएको सेवा प्रदायकले प्रारंभिक वित्तीय सुविधा (ईनिसियल फिनान्सियल ईन्सेन्टिभ) वापत कूल ऋण वा अनुदान रकमको बीस प्रतिशतले हुन आउने रकम त्यति नै रकम बराबरको प्राधिकरणले निर्धारण गरेको शर्त बमोजिमको बैंक जमानत पेश गरे पश्चात अग्रिम भुक्तानी वापत भुक्तानी गर्नेछ र त्यसरी दिएको जमानत अवधि परियोजना अवधिभर हुनेछ,

(ख) छनौट भएको सेवा प्रदायकले स्वीकृत कार्यतालिका बमोजिम तीस प्रतिशत कार्यसम्पन्न भएको प्रतिवेदन प्राधिकरणमा पेश गरे पश्चात प्राधिकरणको स्वीकृतिमा सोही अनुपातको कुल ऋण वा अनुदान रकमको तीस प्रतिशत रकम,

(ग) छनौट भएको सेवा प्रदायकले पूर्वनिर्धारित कार्यतालिका बमोजिम सम्पूर्ण कार्य सम्पन्न भएको र सेवा संचालनमा आएको प्रतिवेदन प्राधिकरणमा पेश गरे पश्चात प्राधिकरणको स्वीकृतिमा कूल ऋण वा अनुदान रकमको चालिस प्रतिशत रकम,

(घ) छनौट भएको सेवा प्रदायकले सम्पूर्ण कार्य सम्पन्न भएको ११ महिना पश्चात प्राधिकरणले निर्धारण गरे बमोजिमको न्यूनतम गुणस्तर (मिनिमम क्वालिटि

स्टाण्डर्ड) को सेवा संचालन भएको प्रतिवेदन प्राधिकरणमा पेश गरे पश्चात प्राधिकरणबाट भएको स्वीकृतिमा कूल ऋण वा अनुदान रकमको बाँकी दश प्रतिशत रकम ।

**१७.<u>कार्य सम्पादन भएको प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) विनियम १६ को विभिन्न खण्ड बमोजिम कार्य सम्पन्न भएको प्रतिवेदन त्यस्तो कार्य सम्पन्न गर्ने सेवा प्रदायकले प्राधिकरण समक्ष दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि प्राधिकरणले प्रतिवेदन अनुरुप कार्य सम्पन्न भएको वा नभएको यकिन गर्नेछ र कार्यसम्पन्न भएको कुरामा प्राधिकरण विश्वस्थ भएमा प्राधिकरणले विनियम १६ बमोजिम रकम भुक्तानी गर्नेछ ।

(३) उपविनिय (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियम १६ को खण्ड (ख) बमोजिमको कार्य सम्पन्न भए वा नभएको कुरा यकिन गरी विवरण पेश गर्न प्राधिकरणले आफ्नो कर्मचारी वा विशेषज्ञ मार्फत स्थलगत जाँचबुझ गराउन सक्नेछ ।

(४) उपविनियम (३) बमोजिम जाँचबुझ गराएकोमा जाँचबुझ गर्ने कर्मचारी वा विशेषज्ञले सम्बन्धित सेवा प्रदायकले पेश गरेको प्रतिवेदन अनुसार कार्य सम्पन्न भए वा नभएको यकिन गरी आफ्नो प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नेछ ।

(५) उपविनियम (४) बमोजिमको प्रतिवेदन प्राप्त गर्दा, सेवा प्रदायकले पूरा वा आंशिक रुपमा कार्य सम्पन्न नगरेको प्रमाणित भएमा सो पूरा गर्न लगाई वा निश्चित अवधिभित्र पूरा गर्ने गरी विनियम १६ बमोजिम ऋण वा अनुदान रकम प्रदान गर्नेछ ।

तर सो विनियमको खण्ड (ग) वा (घ) बमोजिम रकम कार्य सम्पन्न नभई दिन सकिने छैन ।

**१८.<u>ऋण चुक्ता गर्नुपर्नेः</u>** यस विनियमावली बमोजिम प्राधिकरणबाट उपलब्ध गराईएको रकम ऋणस्वरुप प्रदान गरिएको रहेछ भने त्यस्तो रकम प्राप्त गर्ने सेवा प्रदायकले विनियम १४ बमोजिम प्राधिकरण र सम्बन्धित सेवा प्रदायकबीच भएको ऋणको शर्त बमोजिम प्राधिकरणलाई भुक्तानी गर्नु पर्नेछ ।

**१९. <u>विवादको समाधानः</u>** (१) विनियम १४ बमोजिम भएको सम्झौताको व्याख्या वा कार्यान्वयनका सम्बन्धमा प्राधिकरण र सेवा प्रदायक बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरु बीचको बार्ता वा छलफलबाट समाधान गरिनेछ ।

(२) उपविनियम (१) बमोजिमको विवाद समाधान गर्ने उद्देश्यले भएको पहिलो वार्ता वा छलफल प्रारंभ भएको मितिले पैतालिस दिन भित्र विवादको समाधान नभएमा त्यस्तो विवाद प्राधिकरण समक्ष प्रस्तुत गरिनेछ ।

(३) उपविनिय (२) बमोजिम प्राधिकरण समक्ष पेश भएको विवाद प्राधिकरणको बैठकबाट समाधान गरिनेछ र सो अन्तिम हुनेछ ।

**२०.<u>नियमावली बमोजिमको जिम्मेवारीलाई असर नपर्नेः</u>** यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियमावलीको नियम २५ बमोजिम अनुमतिपत्रप्राप्त व्यक्तिले ग्रामीण क्षेत्रमा दूरसंचार सेवाको विकास, विस्तार र संचालनमा गर्नु पर्ने लगानीलाई यस विनियमावलीमा लेखिएको कुनै कुरालाई असर पर्ने छैन ।

**२१. <u>समिति तथा उपसमिति गठन गर्न सकिनेः</u>** (१) प्राधिकरणले आवश्यक ठानेमा यस विनियमावली बमोजिमको काम गर्नको लागि [Y]प्राधिकरणका सदस्य, कर्मचारी तथा सम्बन्धित विज्ञ रहने गरी समिति, उपसमिति गठन गर्न वा परियोजना स्थापना गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम गठन हुने समिति, उपसमितिको काम, कर्तव्य तथा अधिकार त्यसरी गठन गर्दाका वखत प्राधिकरणले तोके बमोजिम हुनेछ ।

**२२. <u>खारेजी र बचाउः</u>** (१) देहायका विनियमावली खारेज गरिएका छन्:

(क) ग्रामीण दूरसञ्चार विकास कोष परिचालन (कार्यविधि) विनियमावली, २०६४

(ख) सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४

(२) उपविनियम (१) बमोजिमका विनियमावली बमोजिम भए गरेका काम कारबाईहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

[Y] प्राधिकरणको मिति २०७३।०३।२२ नि.नं ३३२९ बाट थप गरिएको ।